श्री ५ को सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौ

# मूल्य अभिवृद्धि कर दर्ता नम्बरको प्रयोग गर्ने बारेको अत्यन्त जरुरी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० को उप दफा (६) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग तोकिए बमोजिमका कारोबारको सम्बन्धमा समेत गर्नु पर्ने व्यवस्था भएको तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १३ को खण्ड (ख) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले बैंक तथा वित्तीय संस्थाहरुमा व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि एक लाख रुपैंया भन्दा वढी ऋणको लागि दिइने निवेदन सम्बन्धी कागजातमा आफ्नो मूल्य अभिवृद्धि कर दर्ता नम्बर (PAN) प्रयोग गर्नु पर्ने कानूनी व्यवस्था भएको हुंदा उपरोक्त बमोजिम गर्नु गराउनु हुन सम्बन्धित करदाता तथा सम्पूण बैंक तथा वित्तीय संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।